Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फोन नं. ०६६-५२०४११

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०७९/८०
च.नं.

मिति २०७९/०८/२९

**बिषय : कार्यपालिका वैठकको निर्णय सार्वजनिक गरिएको सम्बन्धमा ।**

मिति २०७९ मंसिर २७ गते यस वेसीशहर नगरपालिका नगर कार्यपालिकाको ११ औ वैठक नगर प्रमुख गुमान सिंह अर्यालको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकले केहि महत्वपुर्ण निर्णयहरु गरेका हुँदा निर्णहरुलाई सार्वजनिक गरिएको छ ।

## बैठकबाट पारित निर्णयहरु

**१ : नगरसभाको बाह्रौं अधिवेशन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशन तथा चालु आ..व २०७९।८० को प्रथम अधिवेशन यही २०७९।०९। २२ गते शुक्रबारका दिन विहान ११.०० बजे आह्वान गर्ने निर्णय गरियो ।

**२ : कार्यविधि स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको देहायका कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

(क) बेसीशहर नगरपाकिलाको मध्यम अपांगता भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९

(ख) बेसीशहर नगरपालिकाको एकल पुरुष भत्ता वितरण कार्यविधि २०७९

**३ : विपन्न घर परिवारहरुको तथ्यांक संकलन सम्बन्धमा ।**

"बेसीशहर नगरपालिकाको विपन्न घरपरिवार पहिचान कार्यविधि, २०७९" वमोजिम विपन्न घरधुरीको तथ्यांक संकलनको लागि नगरसभाबाट अ.ल्या. शिर्षकमा विनियोजित रकम प्रति वडा रु २५ हजारका दरले उपलब्ध गराउने र उक्त तथ्यांक सवै वडाहरुले २०७९ पौष २० गते भित्र नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

**४: नगर बाल अधिकार समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० तथा बेसीशहर नगरपालिकाको बाल संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७८ को दफा १७ वमोजिम गठित नगर बाल अधिकार समितिको सदस्यमा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

देहाय :

(क) कार्यविधिको दफा १७ को उपदफा १ (ख) वमोजिम :

१.वडासदस्य मध्येबाट : श्री शोभा अधिकारी बेनपा ९ र श्री नरेन्द्र जङ गुरुङ बेनपा ५

२.माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्येबाट : श्री नन्द बहादुर घले, श्री जनजागृति मावि बेनपा १०

३.फोकल शिक्षकमध्येबाट : श्री खिन्दुरी गुरुङ , श्री सेवासदन मावि बेनपा ४, पुरानोकोट

४.सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बालमनोविज्ञमध्येबाट : डा. हरि बोहरा, लमजुङ जिल्ला अस्पताल

५. चिकित्सक वा स्टाफ नर्समध्येबाट : मुना राउत सि अनमी, बेसीशहर नगर कार्यपालिकाको कार्यालय

(ख) कार्यविधिको दफा १७ को उपदफा १ (च) वमोजिम

१. बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट : श्री बासुदेव सेढाई बेनपा ११

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फोन नं. ०६६-५२०४११

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०७९/८० मिति २०७९/०८/२९
च.नं.

**५ : बालमैत्री स्थानीय शासन नगर समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ वमोजिम गठित बालमैत्री स्थानीय शासन नगर समितिमा रिक्त सदस्य पदमा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

देहाय :

(क)दफा १६ (क) ७ वमोजिम महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संस्थाहरुमध्येबाट श्री पद्मा ढकाल, ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) र श्री अनिल गुरुङ, नमस्ते किड्स नेपाल ।

(ख) दफा १६ (क) ८ वमोजिम श्री काजीराम बस्नेत, बेनपा २ बालकल्याण मा वि व्य समितिको अध्यक्ष र प्रताप सुनार स्वास्थ्य व्यवस्थापन समितिको अध्यक्ष बेनपा ११

(ग) नगरपालिकामा कार्यरत महिला शिक्षिकाको तर्फवाट गोमा खड्का, बे.न.पा २ र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट मित्रदेवी राना, बेनपा ८

(घ) दफा १६ (क) ११ वमोजिम महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समुहमध्येबाट श्री लक्ष्मी श्रेष्ठ, रोट्रयाक्ट क्लव अफ लमजुङ ।

**६ : स्थानीय स्वास्थ्य विमा संयोजन समिति पुनर्गठन सम्बन्धमा ।**

स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि २०७८ वमोजिम गठित संयोजन समितिको रिक्त सदस्य पदमा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

देहाय :

१. श्री मदन बहादुर राना वडाध्यक्ष बेनपा २

२ श्री शिव प्रसाद जोशी : वडाध्यक्ष बेनपा ११

३. श्री सुनिता रावल : महिला स्वास्थ्य स्वयंसेविका बेनपा ८

**७ : औषधी उपचार खर्च उपलब्ध गराई शोधभर्ना माग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र स्थायी बसोबास भएका मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघातका विरामीहरुलाई नेपाल सरकारले मासिक रु ५ हजारका दरले औषधी उपचार वापतको खर्च उपलब्ध गराउने तथा उक्त खर्च स्थानीय तहले विरामीहरुलाई त्रैमासिक रुपमा उपलब्ध गराउने र अर्धबार्षिक रुपमा स्थानीय तहले शोधभर्ना माग गर्ने (लिने) भन्ने भए वमोजिम अ.ल्या शिर्षकबाट उपरोक्तानुसारका विरामीहरुलाई औषधी उपचार खर्च भुक्तानी दिने र नियमानुसार शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**८ : स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप जाँचको लागि आवश्यक बजेट सम्बन्धमा ।**

नगरपालिका भित्रका स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप जाँचको लागि स्वास्थ्य शाखाबाट प्रस्ताव पेश भए वमोजिम रु ४ लाख १५ हजार अ.ल्या. शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फोन नं. ०६६-५२०४११

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०७९/८०
च.नं.

मिति २०७९/०८/२९

**९ : नगरपालिकाको प्रवक्त तोक्ने सम्वन्धमा ।**

बेसीशहर नगरपालिकाको प्रवक्तको रुपमा नगर कार्यपालिकाको सदस्य श्री हिरालाल विश्वकर्मालाई तोक्ने निर्णय गरियो ।

**१० : जिन्सी सामाग्री वितरण सम्बन्धी मापदण्ड निर्धारण सम्बन्धमा ।**

नगरपालिकाबाट आवश्यकतानुसार वितरण गर्दै आइएको जस्तापाता, तारजाली, खानेपानी तथा सिंचाई पाइप वितरणको सन्दर्भमा व्यक्तिगत प्रयोजनको लागि माग गर्ने सेवाग्राहीहरुले सो सामाग्रीहरुमा नगरपालिकाले खरिद गर्दा लागेको शुल्कमा देहाय अनुसारको रकम नगरपालिकामा रकम जम्मा गरे पश्चात मात्र सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो । साथै आरन तथा सिलाइ मेसिन, बाजा लगायतका सामाग्रीमा पनि सो नियम लागु गर्ने निर्णय गरियो ।

**देहाय**

(क) खानेपानी तथा सिंचाई पाइपः खरिद मूल्यको ५० % रकम
(ख) ग्याविन जाली : प्रतिथान रु. १ हजारका दरले
(ग) जस्तापाता : अति विपन्न बाहेकको हकमा खरिद मूल्यको २५ % रकम
(घ) सिलाई मेसिन, बाजा लगायत अन्य जिन्सी सामाग्रीमा : खरिद मूल्यको २५ % रकम ।

**११ : लागत साझेदारीतर्फका आयोजना सम्बन्धमा ।**

चालु आव २०७९।८० मा नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत साझेदारीमा सञ्चालन गरिने योजनाहरुको लागि प्रकाशित सूचना वमोजिम निवेदन/प्रस्ताव पर्न आएका सडक (कालोपत्रे) तर्फ ११ वटा, सामुदायिक भवन तर्फ २० वटा र दलित सामुदायिक भवन तर्फ ४ वटा आयोजनाहरुको प्रविधिक लागत अनुमान तयार गरी एवम् अपुग श्रोत समेत सुनिश्चित गरी आगामी बैठकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**१२ : प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ प्राप्त भएको रु. ४४,००,०००।- (अक्षरुपी चौवालीस लाख रुपैया) वजेटवाट ११ वाटै वडा वाट माग भै आएका ३६ वटा योजनाहरु मध्येवाट योजना छनौट गरि वजेट विनियोजन गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

***उल्लेखित महत्वपुर्ण निर्णयहरु लगायत अन्य विभिन्न निर्णयहरु गर्दै नगर कार्यपालिकाको ११ औ वैठक सम्पन्न भएको जानकारी गराइन्छ ।***

***धन्यवाद !!***

.............................
हिरालाल विश्वकर्मा
प्रवक्ता

हिरालाल विश्वकर्मा
प्रवक्ता